घोराही उप-महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
घोराही, दाङ, लुम्बिनी प्रदेश, नेपाल

फोन-फ्याक्स : ०८२-५६०१६२
५६०२४३
५६१२६८
५६०७००
बारुण यन्त्र : ०८२-५६०४५५
www.ghorahimun.gov.np

सामाजिक विकास महाशाखा

मिति: २०७८/०९/२४

पत्र संख्या २०७८/७९
च.नं. ५०० 

श्री घोराही स्थित सम्पुर्ण सामुदायिक विद्यालयहरु ।

**विषय : प्रस्तावना पेश गर्ने सम्बन्धमा ।**

प्रस्तुत विषयमा शिक्षा तथा सामाजिक विकास निर्देशनालय राप्ती उपत्यका (देउखुरी) दाङको मिति २०७८/०९/१६ गतेको पत्रानुसार त्यस कार्यालयको बार्षिक कार्यक्रम अर्न्तगत प्रदेशभित्र सञ्चालित सामुदायिक विद्यालयहरुमा स्वच्छ खानेपानी, विपत् व्यवस्थापन र विज्ञान/स्टेम/ल्याव स्थापना/स्तरीकरण गर्न अनुदान उपलब्ध गराउने कार्यक्रम रहेकोले इच्छुक सामुदायिक विद्यालयहरुले विवरण सहित प्रस्तावना पेश गर्नहुनु अनुरोध छ । साथै शिक्षा तथा सामाजिक विकास निर्देशनालय राप्ती उपत्यका (देउखुरी) दाङ को पत्रको छायाँकपि यसैसाथ संलग्न गरिएको व्यहोरा समेत अनुरोध छ ।

(नारायण प्रसाद पौडेल)
शाखा अधिकृत

प्रदेश सरकार

लुम्बिनी प्रदेश

शिक्षा, विज्ञान, प्रविधि तथा खेलकुद मन्त्रालय

# शिक्षा तथा सामाजिक विकास निर्देशनालय

राप्ती उपत्यका (देउखुरी), दाङ, नेपाल

घोराही उप-महानगरपालिका
दाङ
दर्ता नं. ५२२०
मिति २०७८।९।२२

प.सं :- २०७८/७९
च.नं :-

मिति : २०७८।०९।१६

**बिषय: विद्यालयमा स्वच्छ खानेपानीका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना**

यस निर्देशनालयको आ.व. २०७८/७९ को बार्षिक कार्यक्रमअनुसार यस प्रदेशभित्र सन्चालित सामुदायिक विद्यालयहरुमा स्वच्छ खानेपानीको ब्यबस्था गर्न अनुदान उपलब्ध गराउने कार्यक्रम रहेकाले इच्छुक सामुदायिक विद्यालयहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र निम्न बिबरण सहित सम्बन्धित सामाजिक विकास डिभिजन कार्यालयमा प्रस्ताव पेश गर्नु हुन अनरोध छ । म्याद नाघि आएका प्रस्ताव उपर कुनै कारवाही हुने छैन ।

मनोज कुमार गैर
नि. निर्देशक

<u>पेश गर्नुपर्ने कागजात</u>

१. विद्यालयको निवेदन पत्र
२. विद्यालय व्यवस्थापन समितिको निणर्यको प्रमाणित प्रतिलिपि
३. कक्षागत विद्यार्थी सङ्ख्या: जातिगत/लिङ्गगत विवरण खुल्ने गरी
४. हालको खानेपानीको अवस्थाको विवरण
   - हाल विद्यालयमा उपलब्ध पानीको स्रोत
     (क) धारा (ख) ट्युबवेल (ग) इनार (घ) अन्य
   - पानी सन्चय गर्न ट्याङ्कीको ब्यबस्था छ/ छैन छ भने कति क्षमताको छ ?
   - स्रोतबाट ट्याङ्कीमा पानी तान्न मोटरको ब्यबस्था छ/ छैन ? छ भने कति क्षमताको छ ?
   - स्रोतबाट ट्याङ्की सम्मको उचाइ कति छ ?
   - ट्याङ्कीको पानीलाइ पिउन योग्य बनाउन फिल्टरको ब्यबस्था छ छैन ? छ भने प्रति घण्टा कति लिटर क्षमताको छ ? खुलाउने
५. सम्बन्धित स्थानीय तहको सिफारिस पत्र
६. गत आ.व. को सामाजिक परीक्षण तथा तथा लेखा परीक्षण प्रतिवेदनको प्रमाणित प्रतिलिपि

प्रदेश सरकार

लुम्बिनी प्रदेश

शिक्षा, विज्ञान, युवा तथा खेलकुद मन्त्रालय

# शिक्षा तथा सामाजिक विकास निर्देशनालय

राप्ती उपत्यका, देउखुरी, दाङ, नेपाल

प.सं :- २०७८/७९ मिति : २०७८।०९।१६

च.नं :-

विषय : विपत् व्यवस्थापनका लागि अनुदान प्राप्त गर्न प्रस्ताव पेश गर्ने सम्वन्धी सूचना ।

प्रस्तुत सम्वन्धमा यस निर्देशनालयको चालु आ.व. २०७८/७९ को वार्षिक बजेट तथा कार्यक्रम अन्तरगत विद्यालयहरुलाइ विपत् व्यवस्थापनका अनुदान उपलब्ध गराउने कार्यक्रम रहेकोले विपतवाट भौतिक पूर्वाधार क्षति भइ पठनपाठनमा अवरोध सिर्जना भएको भए यस प्रदेश भित्र सञ्चालित सामुदायिक विद्यालयहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र तपशिलको कागजात सहित सम्वन्धित सामाजिक विकास डिभिजन कार्यालयहरुमा प्रस्ताव पेश गर्नुहुन सम्वन्धित सबैको जानकारीका लागि सूचना प्रकाशित गरिएको छ । म्याद नाघि आएका प्रस्ताव उपर कुनै कारवाही हुने छैन ।

मनोज कुमार गैरे

नि. निर्देशक

<u>संलग्न गर्नुपर्ने कागजातहरु</u>

१. विद्यालयको निवेदन पत्र

२. सम्वन्धित क्षेत्रको प्रहरीको मुचुल्का (अनुमानित क्षतिको रकम सहित)

३. सम्वन्धित स्थानीय तहको विपत् व्यवस्थापन समितिको निर्णयको प्रमाणित प्रतिलिपि

४. जिल्ला विपत् व्यवस्थापन समितिको निर्णयको प्रमाणित प्रतिलिपि

५. प्राविधिकले तयार गरेको लागत अनुमान

६. विद्यालय व्यवस्थापन समितिको निणर्यको प्रमाणित प्रतिलिपि

७. क्षतिको अवस्था झल्किने प्रष्ट रङ्गिन फोटोहरु

८. गत आ.ब. को सामाजिक परीक्षण तथा तथा लेखा परीक्षण प्रतिवेदनको प्रमाणित प्रतिलिपि

प्रदेश सरकार

शिक्षा, विज्ञान, युवा तथा खेलकुद मन्त्रालय

# शिक्षा तथा सामाजिक विकास निर्देशनालय

राप्ती उपत्यका (देउखुरी) दाङ, नेपाल

मिति : २०७८।०९।१६

प.सं :- २०७८/७९

च.नं :-

विषय : विज्ञान/स्टेम ल्याव स्थापना/स्तरीकरणका लागि प्रस्ताव पेश गर्ने सम्वन्धी सूचना ।

प्रस्तुत सम्वन्धमा यस निर्देशनालयको चालु आ.व. २०७८/७९ को वार्षिक बजेट तथा कार्यक्रम अन्तरगत विज्ञांन/स्टेम ल्याव स्थापना/स्तरीकरणका लागि सहयोग कार्यक्रम रहेकोले यस प्रदेश भित्र सञ्चालित सामुदायिक विद्यालयहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र तपशिलको कागजात सहित सम्वन्धित सामाजिक विकास डिभिजन कार्यालयहरुमा प्रस्ताव पेश गर्नुहुन सम्वन्धित सबैको जानकारीका लागि सूचना प्रकाशित गरिएको छ । म्याद नाघि आएका प्रस्ताव उपर कुनै कारवाही हुने छैन ।

मनोज कुमार गैर

नि. निर्देशक

संलग्न गर्नुपर्ने कागजातहरु

१. विद्यालयको निवेदन पत्र

२. हाल प्रयोगशालामा मौज्दात रहेका विज्ञान सामग्रीहरुको जिन्सी खातामा आम्दानी बाँधेको व्यहोराको वि.व्य.स. र शिक्षक स्टाफको संयुक्त बैठकबाट भएको निर्णय र जिन्सी खाताको प्रमाणित प्रतिलिपि

३. प्रयोगशालाका लागि प्रस्ताव गरिएको आवश्यक सामग्रीको विज्ञान शिक्षकबाट सूचि तयार गराइ विद्यालय व्यवस्थापन समिति र शिक्षक स्टाफको संयुक्त बैठकबाट भएको सूचि सहितको निर्णयको प्रमाणित प्रतिलिपि

४. सम्वन्धित स्थानीय तहको सिफारिस पत्र

५. गत आ.व. को सामाजिक परीक्षण तथा तथा लेखा परीक्षण प्रतिवेदनको प्रमाणित प्रतिलिपि